मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

**(प्रथम पटक प्रकाशित मिति :- २०७८/०१/२५)**

यस गाउँपालिकाको आ.ब. ०७७/०७८ को बार्षिक नीति, बजेट तथा कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले आपूर्ति गर्न चाहने आधिकारिक फर्म, संस्था वा कम्पनीहरुबाट फर्म दर्ता नवीकरण प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नंबर दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि लगायत अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र निम्न शर्तहरुको अधिनमा गाउँपालिका कार्यालयबाट दरभाउपत्र खरिद गरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सूचित गरिन्छ :-

**शर्तहरु :**

१. दरभाउपत्र रु.१,०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) तिरी गाउँ कार्यपालिकाको कार्यालय भेड्पु, दोलखाबाट (फिर्ता नहुने गरी) १५ औं दिनसम्म कार्यालय सयम भित्र खरिद गर्न सकिनेछ।

२. आपूर्तिकर्ताले कुनै सामग्रीको ग्यारेन्टी, वारेन्टी, खरिद असर र मर्मत सम्भार अवधि आदि सम्पूर्ण कुराहरु खुलाई पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

४. तोकिएको समय भित्र र रीतपूर्वक पेश हुन नआएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

५. दरभाउपत्रदाताले.आपूर्ति गर्न चाहेको सामग्रीको गुणस्तर प्रमाणित गर्ने कुनै कागजात वा सो सामग्रीको विशेषता खुल्ने स्पेसिफिकेसन समेत पेश गर्नु पर्नेछ।

६. शिलबन्दी दरभाउपत्र १६ औं दिन दिउँसो १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ। प्राप्त भएका शिलबन्दी दरभाउपत्र १६ औं दिन दिउँसो ०२:०० बजे उपस्थित भएका शिलबन्दी दरभाउपत्रदाता वा आधिकारिक प्रतिनिधिको रोहबरमा गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित नभएको खण्डमा समेत शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७. शिलबन्दी दरभाउपत्रसाथ कम्तिमा ९० दिनको म्याद भएको तपशिलको रकम बराबरको “क”वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानतपत्र वा यस कार्यालयको सानिमा बैंक मेलुङ शाखामा रहेको धरौटी खाता नं. ०७२०१००२००००००२४ मा जमानत जम्मा गरेको सक्कलै बैक भौचर दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

८. थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

९. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही प्रयोजनका लागि उपयोग गरिनेछ।

१०. यस सूचनामा उल्लेख गरिएका बाहेकका अन्य कुरा सार्बजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ।

**तपशिल**

| सि.नं. | सिलबन्दी दरभाउ नं. | कामको विवरण | ल.इ. रकम रु. (भ्याट सहित) | बैंक जमानत रकम रु. |
|---|---|---|---|---|
| १. | SQ-Melung-01/2077/078 | सौर्य सडक पोल बत्ती आपूर्ति तथा जडान | १८,००,०००।- | ४५,०००।- |
| २ | SQ-Melung-02/2077/078 | स्यानिटरी प्याड खरीद तथा आपूर्ति | ११,३१,०००।- | ३०,०००।- |

**नि.प्रमुख प्रशासकीय अधिकृत**